जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ६५ २०८३ साल असोज १९ गते सोमबार (5 Oct 2026 Monday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सूचना पुग्यो, चेतना... ३ पृष्ठमा : रास्वपाको स्थानीय निर्वाचनका... ३ पृष्ठमा : भारतमा विरोध प्रदर्शनका...

# कांग्रेस र एमालेलगायतका ठुला दलहरूले सत्ताको अभ्यासमा गौरवभन्दा बढी शक्तिको उन्माद देखिँदा देशले संकट भोग्नुपर्‍यो : सभापति थापा

# सरकार ढल्छ भन्नेहरू आफै ढल्न थाले : सभापति लामिछाने




**दैनिक समाचारदाता**
**काठमाडौं, १८ असोज ।**

नेपाली कांग्रेसका सभापति गगन थापाले कांग्रेस र एमालेलगायतका ठुला दलहरूले विगतमा गरेको सत्ताको अभ्यासमा गौरवभन्दा बढी शक्तिको उन्माद देखिँदा देशले संकट भोग्नुपरेको बताएका छन् ।

पार्टीको १५ औँ महाधिवेशनको आइतबार उद्घाटन सत्रलाई सम्बोधन गर्दै सभापति थापाले यस्तो बताएका हुन् उनले मुलुकमा राजनीतिक अस्थिरता र बढ्दो वितृष्णाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै अबको राजनीतिलाई नयाँ दिशा दिनुपर्ने बताए ।

जनताको काम गर्न नसक्दा राजनीतिप्रति बढेको वितृष्णाले विश्वव्यापी रूप लिएको बताए । उनले भने, 'अहिले हरेक कुरामा अति-राजनीतिकरण भइरहेको छ । सबैलाई राजनीतिको आँखाले मात्र हेरिँदा जनता हैरान भइसकेका छन् ।'

सत्तापक्ष र प्रतिपक्षबिचको निरन्तरको घोचपेचले देशका समस्या हल नहुने थापाको स्पष्ट धारणा छ । 'म सत्तामा आएको छु, अब फु गरेरै समस्या समाधान हुन्छ भन्नु भ्रम हो । हामीले विश्वमा भइरहेका परिवर्तनलाई बुझ्न जरुरी छ,' उनले भने ।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछानेले वर्तमान सरकार पूरै कार्यकाल चल्ने बताएका छन् । महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभापति लामिछानेले आफूले अहिले सरकार ढल्छ, ढल्छ भन्ने सुन्न थालेको भन्दै उनले सरकार नढल्ने बरु सरकार ढल्छ भन्नेहरू नै सरकार नढलेपछि आफै ढल्न थालेको बताए ।

'सरकार अहिले ढल्छ, भोलि ढल्छ, दसैंमा ढल्छ, तिहारमा ढल्छ, छठमा ढल्छ कि भनेको सुन्छु', लामिछानेले भने, 'ढल्न त ढल्छ, तर यो सरकार नढलेको देखेर भन्ने मान्छे चाहिँ बेहोस भएर ढल्छ । सरकार विल्कुल ढल्दैन । पाँचै वर्ष चल्छ ।'

उनले इतिहासलाई साक्षी राखेर सरकार गठन गरेको दाबी गर्दै लोकतन्त्रको रक्षा गर्ने कुरामा चिन्ता नगर्न पनि आग्रह गरे । मिलेरै अघि बढ्ने भन्दै उनले पहिचान र अधिकारका मुद्दा स्थापित गर्ने सभापति लामिछानेले बताए ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निरन्तरताको क्रमभङ्ग गरेर कांग्रेसले देशको नेतृत्व गर्नुपर्नेमा जोड दिएका छन् । संयोजक दाहालले कांग्रेस सभापति गगनकुमार थापाले पार्टीको नेतृत्वमा निरन्तरताको क्रमभङ्ग गरेर नयाँ इतिहासतर्फ अघि बढाएको उल्लेख समेत गरे ।

सभापति थापालाई बधाई दिँदै संयोजक दाहालले आफू प्रधानमन्त्री हुँदा थापा स्वास्थ्यमन्त्री रहेको स्मरण गर्दै उनको राजनीतिक यात्राप्रति आफू खुसी रहेको बताए ।

कांग्रेसभित्र अझै छुटेका नेता तथा समूहलाई जोडेर अघि बढ्न सभापति थापालाई आग्रह गर्दै उनले पार्टीलाई थप एकताबद्ध बनाएर अघि बढाउनुपर्नेमा कांग्रेसको नयाँ नेतृत्व लाग्नुपर्ने सुझाव दिए ।

संयोजक दाहालले आफू र कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाबीच भएको शान्ति सम्झौताका केही काम अझै पूरा हुन बाँकी रहेको भन्दै त्यसलाई टुङ्ग्याउन वर्तमान सभापति थापा लाग्नुपर्ने बताए ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शंकर पोखरेलले राष्ट्रियता र लोकतन्त्रका लागि सबै राजनीतिक शक्तिहरु फेरि एक ठाउँमा उभिनुपर्नेमा जोड दिए । महासचिव पोखरेलले राष्ट्रियता र लोकतन्त्रका सवालमा सबै राजनीतिक दल एक ठाउँमा उभिएर युवाहरुका आकाक्षा पूरा गर्न लाग्नुपर्ने बताए ।

"लोकतन्त्र, सार्वभौमसत्ता र मुलुकको हित, राष्ट्रियता, परिवर्तन, स्थायित्व, विकास र समृद्धिका लागि दलहरु मिलेर काम गर्नुपर्छ । त्यसका लागि हाम्रो दल सहकार्य गर्न तयार छ", महासचिव पोखरेलले भने, "पछिल्लो निर्वाचनबाट जनताको स्थायित्वको अपेक्षासहित राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाइको मत प्राप्त गरेका हुन् । सुशासन, सेवा प्रवाह र रोजगारीका क्षेत्रमा नयाँ पुस्ताका आशा र अपेक्षालाई निराशामा परिणत हुन दिनुहुँदैन । त्यसका लागि यो महाधिवेशन सफल हुन सकोस् ।"

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले नेपाली जनताको नजरमा पार्टी नेता र राजनीतिप्रति वितृष्णा कायमै रहेको बताए । उनले नेपाली कांग्रेसको १४औं महाधिवेशनमा आफूले बोलेको कुरा १५औं महाधिवेशनसम्म आइपुग्दासम्म कुनै सुधार नभएको बताए । "मैले नेपाली कांग्रेसको १४औं महाधिवेशनको उद्घाटनको क्रममा जे बोलेको थिए । आमजनतामा नेताप्रति र राजनीतिप्रति जुन प्रकारको वितृष्णा र घृणा थियो, त्यसमा सुधार भएको छैन", उनले भने, "त्यसबेला मुलुकको नेतृत्व गरिराखेका मुख्य-मुख्य नेतालाई भ्रम भए जस्तै देखियो ।

यसैगरी, जनता समाजवादी पार्टीका नेता शरदसिंह भण्डारीले प्राकृतिक विपद्का कारण जनजीवन अस्तव्यस्त भई अर्थतन्त्र प्रभावित भएको विषम परिस्थितिमा मुलुकका जिम्मेवार सबै राजनीतिक दलहरुबीच एकता, संवाद, सहयोग र संसहकार्य हुनुपर्नेमा जोड दिए ।

उनले नेपाली कांग्रेस नेपालको राजनीतिक इतिहासमा लामो र महत्वपूर्ण योगदान पुर्याएको चर्चा गर्दै भने, "नेपालको प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलन, विभिन्न राजनीतिक परिवर्तन, जनआन्दोलन तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संस्थागत गर्ने संविधान २०७२ को निर्माण प्रक्रियामा कांग्रेसले खेलेको निर्णायक तथा नेतृत्वदायी भूमिका अत्यन्तै महत्वपूर्ण रहेको छ । त्यसलाई हामी सबैले मनन गर्नुपर्दछ ।"

देशमा आर्थिक सङ्कट, बढ्दो बेरोजगारी, युवाहरूको विदेश पलायन, उत्पादनमा आएको कमी, सामाजिक असमानता तथा नागरिकमा बढ्दै गएको निरासाजस्ता गम्भीर चुनौतीहरू कायमै रहेकाले मिलेर तिनको समाधान गर्नुपर्नेमा जोड दिए ।

पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले नेपाली कांग्रेसले आफूलाई समयअनुसार रुपान्तरण गर्न सकेको बताए । डा भट्टराईले राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशलाई आत्मसात् गरी समयानुकूल कांग्रेस परिवर्तन भएको बताए । देशमा संविधान जारी भएपछि लोकतन्त्रको एउटा चरण पूरा भएको र अब पुराना पार्टीका रुपान्तरण वा वैकल्पिक शक्ति आवश्यक छ भन्दै आफूले १२ वर्षअघि अभियान सुरु गरेको स्मरण गर्दै उहाँले रुपान्तरणको नारासहित कांग्रेस अघि बढेकामा खुसी व्यक्त गरे ।

डा भट्टराईले नेपालको चुनौतीको सामना गर्न कांग्रेसले अग्रणी भूमिका खेलोस् भन्दै आफूहरु शान्ति प्रक्रियामा आउँदै गर्दा एक विदेशी पत्रकारले सोधेको प्रश्नमा गगन थापालाई भोलिको नेताका रुपमा चित्रण गरेको स्मरण गरे ।

यस्तै श्रम संस्कृति पार्टीका महासचिव आरेन राईले हल्लाका भरमा नभई लामो सङ्घर्ष, त्याग र बलिदानबाट नेपाली कांग्रेस स्थापना भएको बताए छन् । महासचिव राईले नेपालमा सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था स्थापनाका लागि कांग्रेसले महत्त्वपूर्ण भूमिका खेलेको स्मरण गरे । कांग्रेसको इतिहासमा धेरै नेता तथा कार्यकर्ताले व्यक्तिगत सपना त्यागेर राष्ट्र निर्माणका लागि योगदान गरेको उनको भनाइ थियो ।

राष्ट्रिय उन्मुक्ति पार्टी नेपालका संस्थापक रेशमलाल चौधरीले राणाशासन र पञ्चायती व्यवस्थाको अन्त्य तथा विद्यमान संविधान निर्माणमा कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गरको बताए । मुलुकको परिवर्तित राजनीतिक घटनाक्रम तथा बदलिदो परिवेशबीच कांग्रेस अझै सशक्त र जिम्मेवार ढङ्गबाट अघि बढ्नुपर्ने बताउँदै जारी महाधिवेशन सफलताको कामना गरे ।

राष्ट्रिय जनमोर्चाका कार्यवाहक महासचिव घनश्याम न्यौपानेले कांग्रेसको १५औं महाधिवेशन ऐतिहासिक स्थलमा महाधिवेशन हुन लागेकामा खुशी व्यक्त गर्दै मुलुकको समग्र भविष्यको दिशा निर्धारण गर्न महाधिवेशन सफल होस् भनी शुभकामना दिए । देशको विशिष्ट राजनीतिक घटनाक्रम र परिस्थितिबीच हुन लागेको यस महाधिवेशनबाट कांग्रेसको आन्तरिक जीवनमा मात्र नभई मुलुकको लोकतान्त्रिक प्रणालीको सुदृढीकरणका लागिसमेत योगदान पुग्ने विश्वास व्यक्त गरे ।

## सम्पादकीय ....

### महिला सहभागिता सशक्त बनाउन पुरुषहरुको सहयोग आवश्यक

अहिले मुलुकको हरेक क्षेत्र महिला समावेशका लागि छुट्टै आरक्षणको व्यवस्था गरिएको छ। महिलाहरु विकासका सरल र सहज संवाहक हुन् भन्ने मान्नु पर्छ। जबसम्म विकासको समग्रतालाई मनन् गरेर महिला सहभागितालाई हरेक क्षेत्रमा प्रोत्साहित गरिंदैन तबसम्म समग्र विकासको कल्पना समेत गर्न सकिदैन्। महिलालाई हेप्ने, शोषण गर्ने र मान्छे समेतको दर्जामा राख्न नचाहने केहीले पुरुषवादी अहम् राखेकाहरुकै कारण महिलाहरुका लागि समग्र समाजको विकासमा अवरोध सृजना हुँदै आएको छ।

यद्पी अहिले पनि पितृसत्तात्मक सोच र व्यवहारका कारण महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रुपमा पछाडि धकेलिंदैछन्। महिलाहरुको समग्र विकासको पाटो कमजोर हुँदै गएको छ। यो पाटो पनि सशक्तिकरण अवसरको उपलब्धता र क्षमता अभिवृद्धिको मूलधारसँग जोड्नु पर्ने आजको आवश्यकता हो महिलाहरुको पनि आर्थिक उत्पादन, सामाजिक जीवन लगायतका कार्यमा संलग्नताले उनीहरुको अवस्था परिवर्तनमा धेरै मद्दत गर्नेछ।

महिलाहरुको सहभागिताका लागि सबै पक्ष जिम्मेवार हुनु आवश्यक छ।तसर्थ महिलाको पहुँचलाई सुनिश्चितताका लागि पुरुषहरु पनि मानसिक रुपमा सहयोग गर्नुपर्ने कुरामा दुईमत नहोला।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# सूचना पुग्यो, चेतना पुगेन !

**रमेश अधिकारी र डा. विनोद चापागाईं**

विपद व्यवस्थापन र सचेतनाको सबै तहमा र उमेरमा शिक्षा दिनु कुनै पनि लोकतान्त्रिक र कल्याणकारी राज्यको आफ्ना नागरिकप्रतिको मुख्य जिम्मेवारी हो। किनभने जनताले जहिले पनि सरकारबाट नागरिकको आफ्नो जीउधनको सुरक्षा खोज्छ।

विश्वका धेरै मुलुकहरूमा विपद, जस्तै घरमा आगलागी, समुद्री आँधी वा भूकम्प भएमा आफ्नो जीउधनको सुरक्षाका लागि के के गर्ने भन्ने कुरा स्कुलबाटै सिकाइन्छ।

स्कुलबाटै जानकारी लिएपछि मानिसहरू साइरन बज्नेबित्तिकै तोकिएको सुरक्षित ठाउँमा आफै पुग्छन्। यस्तो बेलामा भेला हुने ठाउँको निधो पहिल्यै गरिएको हुन्छ। यस्तो व्यवस्था वर्षौंको अभ्यास, अनुशासन र दोहोऱ्याई-तेहऱ्याई गरिने शिक्षाले बनेको हो।

यो पद्धति प्रविधिले भन्दा पनि मानिसको चेतनाले बनेको हो। सूचना दिनु सामान्यतः राज्यको काम होला तर सूचना बुझ्नु जनताको दायित्व हो। सूचना दिनु र बुझ्नुबीचमा चेतना जबसम्म हुँदैन, पूर्वसूचनाले मात्र ज्यान जोगाउन सक्दैन भन्ने कुरा हामीले भोटेकोशीको प्रकोपबाट फेरि सिक्नुपर्ने भएको छ।

यस आलेखमा लेखकहरूले त्रिशूलीको सेरोफेरोमा गरेको छोटो अवलोकन र अन्तरक्रियाको सेरोफेरोमा रहेर पूर्वसूचना र चेतनाको कुरा गरिनेछ। हाम्रोमा पूर्वसूचना प्रणाली हुँदै नभएको होइन।

उदाहरणका लागि, हिमताल फुट्ने वा बाढी आउने सम्भावना देखिने बित्तिकै जल तथा मौसम विज्ञान विभागले जलस्तर मापन गर्ने र स्थानीय तहसम्म खबर पुऱ्याउने संयन्त्र क्रमशः बनिरहेको छ। २०७१ साउनको जुरे पहिरो र २०७८ असारको मेलम्ची बाढीमा पनि प्रविधिले संकेत दिए पनि स्थानीय बासिन्दाले त्यसलाई कुन दरमा पालना गर्छन् भन्ने कुरा महत्त्वपूर्ण हो।

हामीले नुवाकोटका केही क्षेत्रमा पुगेर स्थानीयसँग कुराकानी गर्दा सुनेका जबाफले हामीलाई अचम्मित बनायो। स्थानीयसँगको कुराकानीले पूर्वसूचना र वास्तविक व्यवहारबीचको ठूलो दुरी रहेको कुरा स्पष्ट भयो। केही संवादहरू हेरौं।

'प्रहरीले माइकिङ गरेर ठूलो बाढी आउँदैछ, भाग्नुस् भनेको सुनेपछि मलाई कत्रो बाढी रहेछ भनेर झन् उत्सुकता भयो र म खोलातिर झरें। मेरो घर अलि माथि भएकोले जाँदाजाँदै बाढीले सबै बगाएर लगिसकेको रहेछ।'

'हामीले बाढीपहिरो वर्षैपिच्छे देखेकै हो, के पो हुन्छ होला भन्ने भयो। तर कसो कसो अग्लो ठाउँतिर गएका कारणले ज्यान बाँच्यो।'

'गरिबहरू सूचना सुनेर भागे तर धनीघरका मानिसहरूले ढिला गरे, सायद आफ्ना महत्त्वपूर्ण चिजबिज संकलन गर्दै थिए होलान्।'

'मेरा छिमेकीले सूचना पाएपछि भाग्नुको साटो लाइभ भिडिओ बनाउन थाल्यो, कोही फोन बोकेर पुलतिर गए। अरूलाई बचाउन खोज्दा कति प्रहरीले पनि ज्यान गुमाउनुपऱ्यो।'

छोटो समयमा केही मान्छेहरूसँग मात्र गरिएका कुराकानीलाई मात्र सामान्यीकरण गर्न त नमिल्ला तर केही अनुभवले भूपि शेरचनको 'हामी' कविताको पंक्ति सम्झाउँछन्।

'हामी वीर छौं तर बुद्धु छौं, हामी बुद्धु छौं र त हामी वीर छौं।'

सायद यो हाम्रो बुद्धुपनभित्रको वीरताको परिणाम हो कि? नुवाकोटको ढुंगे बजारका करिब ५० घरका अधिकांश बासिन्दा सूचना पाएपछि तुरून्तै ५०-१०० मिटर माथि बाटोपारि गएर सुरक्षित भएको तथ्यले सूचनाको पालनाले साँच्चै ज्यान जोगाउन सक्छ भन्ने पनि पुष्टि गर्छ। यसैले सूचना पर्याप्त थियो कि थिएन भन्दा पनि उक्त सूचनालाई मान्छेहरूले कुन चेतनाका साथ ग्रहण गरे भन्ने पक्ष मूल कुरा हो।

हामीमा सूचना पाएपछि सुरक्षित ठाउँतिर तुरून्तै जानुपर्छ भन्ने बानीको विकास गर्नुपर्ने देखिन्छ भने स्थानीय सरकार वा समुदायले कुन ठाउँ सुरक्षित हो भनेर पहिल्यै तोक्नुपर्ने अवस्था देखिन्छ। सूचनाको अनुपालन अनिवार्य रूपमा गर्नुपर्छ भन्ने चेतना सिकाउनुपर्ने देखिन्छ।

भोटेकोशी र त्रिशूली नदीका वरिपरिका घना बस्ती र बजारहरू जस्तै नेपालका अन्य जिल्लामा थुप्रै ठाउँमा मानौं फेरि हिमताल बज्रियो भने कता जाने भन्ने प्रश्नको जबाफ अब खोज्नुपर्ने अवस्था आएको छ।

**महँगो सामाजिक सञ्जालको मूल्य**

सूचना पाइसकेपछि पनि मोबाइल क्यामरा र सामाजिक सञ्जालले मानिसको ध्यान कता तान्छ भन्ने कुरा भोटेकोशीको अनुभवले उजागर गरेको अर्को नयाँ र चिन्ताजनक पाटो बनेर आएको छ। विपदको क्षणमा भिडियो खिच्ने, लाइभ बस्ने वा भाइरल हुने लोभले गर्दा खतराबाट टाढा भाग्नुपर्ने अमूल्य केही क्षणमै खेर गएको देखियो।

यो समस्या नेपालको मात्र होइन, तर पनि नेपालमा यसबारे सार्वजनिक बहस गर्नुपर्ने अवस्था आएको छ। विद्यालय वा सामुदायिक तालिममा यसलाई सम्बोधन गर्नुपर्ने अनिवार्य बेला आएको छ। पूर्वसूचना प्रणालीको विकास गर्दा नै ध्यान भड्काउने प्रविधिबाट हुने जोखिम पनि ध्यानमा राख्नुपर्ने र आवश्यक देखिन्छ।

**विदेशमा पूर्वसूचनाको अभ्यास**

पूर्वसूचना प्रणाली प्रविधिमा भर पर्नु स्वाभाविकै हो। तर प्रविधिले उत्पादन गरेको सूचना कसरी स्थानीय मानिसहरूसम्म पुऱ्याउने, र त्यसको पालना कसरी गर्ने भन्नेमा भर पर्छ भन्ने कुरा विश्वका धेरै अनुभवले देखाएका छन्। सूचना पाएको मानिसले तत्काल सही निर्णय नलिए सेन्सर जति उन्नत भए पनि लगानी खेर जान्छ भन्ने कुरा बाहिरका उदाहरणले पुष्टि गर्छन्।

बंगलादेशले सन् १९७० को भोला चक्रवातमा तीन लाखभन्दा बढी मानिस गुमाएपछि साइक्लोन तयारी कार्यक्रम अन्तर्गत हजारौं स्वयंसेवकले साइकल र लाउडस्पिकर बोकेर गाउँगाउँ पुगी खतराको खबर दिने, मान्छे साइक्लोन सेल्टरसम्म पुऱ्याउने बानी बसाले। जसका कारण पछिल्ला वर्षका उस्तै शक्तिका चक्रवातमा मृत्युको संख्या स्वाट्टै घट्यो।

बंगलादेशको सफलता कुनै एउटा अत्याधुनिक प्रविधिका कारणभन्दा समुदायभित्रैबाट जागेका स्वयंसेवक, नियमित पूर्वाभ्यास र सरकार-समुदायबीचको प्रभावकारी र निरन्तर संवादका कारण भएको देखिन्छ।

जापानको अभ्यास हेर्ने हो भने विद्यालयदेखि कार्यालयसम्म नियमित भूकम्प-सुनामी गराउनेले साइरन बज्नेबित्तिकै कहाँ जाने भन्ने कुरा नागरिकहरूले स्वचालित रूपमै पालना गर्छन्। स्कुलदेखि नै बच्चालाई भूकम्प आउनेबित्तिकै सुरक्षाका लागि टेबलमुनि लुक्ने र त्यसपछि खुला ठाउँतर्फ लाग्ने अभ्यास नियमित गराइन्छ।

**यस्ता अभ्यासलाई विद्यालयको अनिवार्य पाठ्यक्रमकै हिस्सा मानिन्छ।**

चीनको संघाईमा बाढी र आँधी जस्ता प्रकोपका लागि रङका संकेतहरू, रातो, सुन्तला, पहेँलो, निलो, प्रयोग हुने एकीकृत बहुप्रकोप पूर्वसूचना प्रणाली भएको देखिन्छ। यस प्रक्रियाले हरेक प्रकोपका लागि फरक फरक सन्देश सम्झिराख्न नपर्ने हुँदा सामान्य नागरिकलाई पनि सजिलै बुझ्ने बनाएको छ।

चीनमा स-साना नगरपालिकाले आफै नदीको जलस्तर नाप्ने र रेडियोमार्फत खबर आदानप्रदान गर्ने साधारण प्रणालीले बाढीमा पनि बर्सेनि धेरैको ज्यानधनको सुरक्षा गरेको छ। स्रोत नभएका ठाउँमा पनि समुदायको आफ्नै स्वामित्व र निरन्तरता भएको सामान्य प्रणालीले समेत प्रभावकारी काम गरेको देखिन्छ।

बंगलादेश, जापान र चीनको उदाहरणले पूर्वसूचना प्रणाली सफल हुनका लागि नियमित अभ्यास, स्पष्ट सुरक्षित स्थान, र सूचना पाएपछि तुरून्त पालना गर्ने बानी प्रविधिजत्तिकै महत्त्वपूर्ण छ भन्ने देखाएको छ।

प्रविधि र चेतना सँगै नगएसम्म जतिसुकै आधुनिक सेन्सर राखे पनि, त्यसले केवल सूचना त दिँदो रहेछ तर सुरक्षा भने दिँदो रहेनछ।

**यो दोष दिने बेला होइन**

यो सूचना दिने वा लिनेले एकअर्कालाई दोष दिने बेला होइन। प्रहरीको अझै पनि पुरानै माइकिङमै भर पर्नुपर्ने अवस्था, सूचना पालना गर्ने बानी विद्यालय शिक्षादेखि नै नसिकाइएको स्थिति, सुरक्षित स्थान तोक्ने प्रचलन नभएको, धेरै ठाउँमा साइरन जस्तो स्वचालित प्रणाली नै नपुगेको अवस्थामा नागरिकलाई मात्र औंला ठड्याएर हुँदैन।

जबसम्म राज्यले यहाँ, यसरी जानू भनेर स्पष्ट देखाउँदैन तबसम्म नागरिकको प्रतिक्रिया अन्योलपूर्ण नै हुन्छ। साथै बगर र नदी किनारका बजार-बस्ती नै जोखिमपूर्ण ठाउँमा बसाल्नु वा कतिपय बजारमा सरकारको मापदण्ड मिचेर पनि बस्नु संरचनागत समस्या हो। यसलाई नजरअन्दाज गरेर मात्र जनतामा चेतना आएन भन्नु आफैमा गैरजिम्मेवार विश्लेषण हुन्छ।

संघदेखि स्थानीय तहसम्मको संस्थागत तयारीको कमी, दशकौंदेखि जारी अव्यवस्थित बसोबास नीति, र नागरिक शिक्षामा विपद व्यवस्थापनलाई दिइएको न्यून प्राथमिकता सबैको संयुक्त परिणाम नै भोटेकोशीको अकल्पनीय क्षति हो।

**अबको बाटो**

अहिलेकै जस्तै प्रकोप भविष्यमा आयो भने कसरी सतर्क हुने भनेर आठ वटा उपायहरूमा ध्यान दिनुपर्ने देखिन्छ।

पहिलो, प्रविधिमा लगानी र विस्तार गरेर सेन्सर र टेलिमेट्री प्रणाली बाढीमा मात्र सीमित नराखी हिमतालको परिवर्तन, पहिरो, आगलागी, हावाहुरीसम्म विस्तार गरी स्वचालित रूपमा साइरन बजाउने र मोबाइलमा म्यासेज पठाउने व्यवस्था गर्नुपर्छ।

स्थापित प्रणाली स्थापनाको केही वर्षपछि बजेट वा प्राविधिक जनशक्तिको अभावमा निष्क्रिय हुने गरेको हालसम्मको अनुभवबाट नियमित मर्मत-सम्भार र स्थानीय बजेटमार्फत दिगो रूपमा सञ्चालन हुने सुनिश्चित गर्न सके दिगो रूपमा प्रभावकारी हुन्छ।

दोस्रो, स्थानीय सरकारको अग्रसरता र नेतृत्वमा हरेक बस्ती र नगरमा प्रकोपको अवस्थामा जाने ठाउँ पहिल्यै तोकिएर सार्वजनिक जानकारीमा हुनुपर्छ। यसलाई नक्सांकन गरी सार्वजनिक सूचनापाटीमा राख्ने र स्कुल पाठ्यपुस्तकमा समेत समावेश गर्ने काम गर्न विलम्ब गर्न हुँदैन।

तेस्रो, शिक्षा विद्यालय पाठ्यक्रमदेखि नै पूर्वसूचना पालना गर्नुपर्छ भन्ने बनाई यो सन्देश नियमित रूपमा सार्वजनिक सञ्चार तथा मोबाइल म्यासेजमार्फत दोहोऱ्याइरहनुपर्छ। जापानको जस्तो वर्षमा दुई-तीनपटक विद्यालय र सामुदायिक तहमै वास्तविक ड्रिल अनिवार्य रूपमा सञ्चालन गर्नुपर्छ।

चौथो, अहिलेको भोटेकोशीको अनुभवबाट एकै पेसामा मात्र वा एउटै आयस्रोतमा निर्भर परिवारलाई भन्दा आयस्रोतको विविधीकरण भएका परिवारलाई एक स्रोतमा प्रकोपको असर परेमा पनि अरू

*बाँकी तीन पृष्ठमा*

# रास्वपाको स्थानीय निर्वाचनका लागि उम्मेदवार छनोट समिति गठन

काठमाडौँ, १८ असोज (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केन्द्रीय समितिको शनिबार बसेको बैठकले आगामी स्थानीय निर्वाचनका लागि केन्द्रीय उम्मेदवार छनोट समिति गठन गरेको छ ।

रास्वपा सभापति रवि लामिछानेको सभापतित्वमा शनिबार पार्टीको केन्द्रीय कार्यालय वनस्थली, काठमाडौँमा बसेको केन्द्रीय समिति बैठकले पार्टी महामन्त्री विपिन आचार्यको संयोजकत्वमा समिति गठन गरेको हो ।

रास्वपाका प्रवक्ता जगदीश खरेलले केन्द्रीय समितिको बैठकले केन्द्रीय उम्मेदवार छनोट समितिमा मिलन लिम्बू, रहबर अन्सारी, तोसिमा कार्की, कविन्द्र बुर्लाकोटी, सुशान्त बैदिक, टासी ल्हाजोम र जनकसिंह धामीलाई सदस्य मनोनित गरेको जानकारी दिनुभयो । सो समितिमा पार्टीका सातै प्रदेशका सभापतिहरू पदेन सदस्य रहने बताइएको छ ।

बैठकले विभिन्न केन्द्रीय विभागका प्रमुख तथा उपप्रमुखसमेत मनोनयन गरेको छ । प्रवास सम्पर्क विभागमा मनिष झा, आर्थिक व्यवस्थापन विभागमा डा मनोहर प्रधान, कानुनी मामिला तथा संस्थागत अनुपालन विभागमा मोहनलाल आचार्य, सामाजिक न्याय, लैङ्गिक समानता तथा समावेशिता विभागमा रुविना आचार्य, सुशासन तथा राज्य व्यवस्था विभागमा सुदीप ढकाललाई प्रमुखको जिम्मेवारी दिइएको छ ।

त्यस्तै, विधायन, संसदीय मामिला तथा न्याय प्रणाली विभागमा सुलभ खरेल, कृषि, भूमि व्यवस्था तथा सहकारी विभागमा ज्ञानेन्द्र महता, श्रम, रोजगारी तथा सामाजिक सुरक्षा विभागमा दीपककुमार साह (महोत्तरी), आपूर्ति, बजार सुशासन तथा उपभोक्ता अधिकार विभागमा शर्मिला खनाल र विज्ञान, सूचना प्रविधि, नवप्रवर्तन तथा स्टार्टअप विभागमा आनन्दबहादुर चन्दलाई प्रमुख मनोनयन गरिएको छ ।

संस्कृति, पर्यटन तथा राष्ट्रिय सम्पदा विभागमा डा धनञ्जय रेग्मीलाई प्रमुख र सम्राट बुढाथोकीलाई सदस्यमा मनोनयन गरिएको छ । त्यसैगरी, वातावरण, जलवायु तथा प्राकृतिक स्रोत विभागमा धर्म केसी तथा सामाजिक न्याय तथा समता प्रवर्द्धन विभागमा रिमा विश्वकर्मालाई प्रमुख मनोनयन गरिएको छ ।

अभियान तथा प्रचारप्रसार विभागको उपप्रमुखमा आनन्द मिश्र र अर्थ विभागमा डिल्लिश्वोर कार्की (रोहन)लाई उपप्रमुख मनोनयन गरिएको छ । बैठकले केन्द्रीय समिति र प्रतिनिधिसभा सदस्यको नेतृत्वमा 'हामी आउँदै छौँ' अभियान सञ्चालन गर्ने निर्णयसमेत गरेको छ ।

यही असोज २० देखि २७ गतेसम्म केन्द्रीय सदस्य तथा सांसदहरूले ७७ जिल्लाका ७५३ पालिकासम्म पुगेर जनता, पार्टी तथा सरोकारवालासँग छलफल तथा सुझाव सङ्कलन गर्नेछन् । बैठकले सबै केन्द्रीय सदस्य तथा सांसदलाई अनिवार्य रूपमा परिचालित हुन निर्देशन गरेको छ ।

यसैगरी, रास्वपा मधेस प्रदेशको सङ्गठनको समस्या तथा समाधानका सम्बन्धमा सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा गठित कार्यदलले विस्तृत प्रतिवेदन केन्द्रीय समिति बैठकमा पार्टी सभापति रवि लामिछानेलाई बुझाएको छ । उक्त प्रतिवेदनको अध्ययनपछि पार्टीले उपयुक्त कदम चाल्ने बैठकले जनाएको छ ।

पार्टीको केन्द्रीय कार्यालय अन्यत्र सार्नुपर्ने आवश्यकता महसुस गर्दै पार्टीका लागि जमिन/घर किन्न काठमाडौँ उपत्यकाको पायकपर्ने स्थानमा खोजी गर्न पार्टीका सदस्य तथा शुभेच्छुकलाई अनुरोध गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

बैठकले नजिकिँदै गरेका नेपालीहरूका महान् चाड शुभ विजयादशमी, शुभ दीपावली, नेपाल संवत्को नव वर्ष तथा छठ पर्वका अवसरमा सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गरेको छ ।

# 'अधिकार रक्षाका लागि परिवर्तनकारी शक्तिबीच एकता हुनुपर्छ'

**दैनिक समाचारदाता**
**पर्सा, १८ असोज ।**

मधेशवादी दलका नेताहरूले लामो सङ्घर्ष र बलिदानबाट प्राप्त संवैधानिक अधिकार रक्षाको निम्ति मधेशवादी दलबीच एकता हुनुपर्ने आवश्यकता औँल्याएका छन् ।

जनमत पार्टीको दोस्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहलाई शनिबार सम्बोधन गर्दै नेताहरूले महिला, मधेसी, दलित तथा उत्पीडित समुदायको संवैधानिक अधिकार कटौती हुने खतरा बढ्दै गएको उल्लेख गर्दै त्यसको रक्षा गर्दै थप अधिकारका निम्ति एकजुट हुनुपर्ने आवश्यकता औँल्याएका हुन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले भने, "विगतका राजनीतिक आन्दोलनबाट प्राप्त उपलब्धिमाथि खतरा उत्पन्न भएको छ, अधिकार, पहिचान र प्राप्त उपलब्धिको रक्षाका लागि पुनःसङ्घर्ष गर्नुपर्ने समय आएको छ, नेपालमा अझै पनि मधेसी समुदाय विभेद र उत्पीडनमा रहेको छ ।"

मधेसवादी दलका धेरै राजनीतिक मुद्दा समान रहेको उल्लेख गर्दै उनले फरक-फरक रूपमा अघि बढ्नुभन्दा सहकार्य गरेर अगाडि बढ्नुपर्ने धारणा राखे । अध्यक्ष यादवले राज्यका निकायमा मधेसी समुदायको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमासमेत जोड दिए ।

नेपाल सङ्घीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले मधेसवादी दल सत्ता केन्द्रित राजनीतिभन्दा जनकेन्द्रित राजनीति र परिणाममुखी राजनीतिक संस्कार हुनुपर्नेमा जोड दिए ।

मधेस, आदिवासी जनजाति, दलित, मुस्लिम, थारू, महिला तथा सबै उत्पीडित र सीमान्तकृत समुदायको अधिकार सुनिश्चित नगरी समतामूलक नेपाल निर्माण गर्न नसकिने उनको भनाइ छ ।

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का केन्द्रीय सदस्य तथा मधेस प्रदेश अध्यक्ष अमिताभ बच्चन दासले सङ्घीय लोकतान्त्रिक गणतन्त्रबाट प्राप्त उपलब्धि र अधिकारको रक्षाका लागि सबै एकजुट हुनुपर्ने बताए ।

# सशस्त्र प्रहरीद्वारा भन्सार छलीका सामान बरामद

पर्सा, १८ असोज (रासस) ।

सशस्त्र प्रहरी बलले रु १३ लाख बराबरको एक टचाक्टरसहित भन्सार छलेर ल्याइएका विभिन्न सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीका अनुसार बरामद गरिएका सामान र टचाक्टर वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ ।

वीरगञ्ज

*बाँकी अन्तिम पृष्ठमा*

## *सूचना पुग्यो, ...*

स्रोतले जीवनयापनमा सहयोग गर्ने उदाहरण देखिएको छ ।

स्थानीयको सीप र दक्षता अनुसार सहभागितामूलक तवरले कृषि, पशु, व्यापार र उद्यमहरू बदलिँदो वातावरणअनुकूलित हुने गरी विकास र विस्तार गरेमा यसले नागरिकलाई एकै पटक सडकमा लाग्ने जोखिम कम हुन्छ ।

पाँचौं, व्यक्तिलाई जोगाउने काम त सूचनाले गर्ला, व्यापार व्यवसायको क्षतिको जोखिम क्षेत्रका लागि बिमा भरपर्दो र अनिवार्य बिमा अर्को उपयोगी बन्न सक्छ । पशु, खेतीबाली वा घरसम्पत्तिका र न्यून आय भएका परिवारका लागि बिमाको सहज व्यवस्था र पहुँच बढाउन कानुनी रूपमा विशेष व्यवस्था बनाएर गर्न सकेमा क्षति भइहालेमा नागरिकहरूले क्षतिपूर्ति पाउन सक्छन् ।

छैटौं, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, रणनीतिक कार्ययोजना (२०१८-२०३०) र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको दिग्दर्शन २०८१ ले तीनै तहका सरकारका साथै स्थानीय तहलाई विपदको पहिलो प्रतिक्रियाकर्ताका रूपमा स्पष्ट जिम्मेवारी तोकेका छन् ।

तर भोटेकोशीको बाढीमा पूर्वसूचना दिनेदेखि अन्य कामका लागि स्थानीय सरकारसँग स्रोत-साधन, बजेट र समन्वयको अभाव देखियो । अर्को विपदमा यस्तो समस्या नदोहोरियोस् भनेर राज्य संरचनासँगै नागरिक समाज, गैरसरकारी संस्था र रेडक्रसका स्थानीय स्वयंसेवकहरूलाई संस्थागत गर्दै जोखिममा रहेका मानिसहरूलाई पूर्वसूचना र पूर्वकार्य पुऱ्याउने काममा बंगलादेश मोडल अपनाउन राम्रो हुनेछ ।

सातौं, हरेक ठूलो प्रकोपपछि के काम लाग्यो, के लागेन भन्ने समीक्षा गर्ने र त्यसबाट सिकेको पाठलाई नीति तथा योजनामा समावेश गर्ने स्वचालित रूपमा संस्थागत विकास गर्नुपर्छ । अन्यथा हरेक प्रकोपपछि उस्तै कमी-कमजोरीहरू दोहोरिने जोखिम रहन्छ ।

आठौं, हाम्रो विगत हेर्दा बस्ती विकास मानव वस्ती नदी किनारभन्दा माथिको भागमा पहिरोबाट पनि सुरक्षित ठाउँतिर हुन्थ्यो । त्यसभन्दा अलि तल गाईबस्तुको गोठ राख्ने र सबैभन्दा बेँसीमा खेती लगाउने गरिन्थ्यो । तर सडक विस्तार नदी किनारमा भएपछि हाम्रा बस्ती बिस्तारै खोला किनारमा थुप्रिएका छन् ।

अहिलेको विनाशले हामीलाई पुर्खाका पदचाप कति महत्त्वपूर्ण रहेछन् भन्ने कुरालाई हाम्रा प्राविधिक र सामाजिक क्रियाकलापमा ध्यान दिँदै बस्ती विकासको वैकल्पिक मोडेलमा अगाडि बढ्नुपर्ने कुरा समेत विचारणीय बनाएको छ ।

मानौं फेरि हिमताल बज्रियो, फेरि भोटेकोशीको जस्तो विकराल अवस्था आयो र अर्को कुनै नदी किनाराका बासिन्दालाई सुरक्षित ठाउँमा जानू भन्नुपऱ्यो भने कता जाने, कसरी जाने र कहिले जाने भन्ने प्रश्नको जबाफ आजै तयार गर्न विलम्ब गर्न हुँदैन ।

सूचना त केही हदसम्म पुग्यो तर त्यो सूचनालाई ज्यान जोगाउने कदममा बदल्ने चेतना, अभ्यास र संस्थागत संरचनामा कमी-कमजोरी रह्यो । भोटेकोशीपछि हामीले आफैलाई सोध्नुपर्ने सबभन्दा असजिलो तर सबैभन्दा जरुरी प्रश्न नै यही हो । भोटेकोशीले सिकाएको पाठ बिर्सिने विलासिता हामीसँग छैन । सेतोपाटीबाट

# विश्व समाचार

## भारतमा विरोध प्रदर्शनका क्रममा प्रहरीमाथि यौन दुर्व्यवहारको आरोप, अनुसन्धान सुरु

नयाँदिल्ली, १८ असोज (रासस/एएफपी) ।

भारतको निर्वाचन आयोगविरुद्ध राजधानी नयाँदिल्लीमा जारी विरोध प्रदर्शनका क्रममा प्रहरी अधिकारीहरूमाथि लागेको यौन दुर्व्यवहारको आरोपबारे प्रहरीले अनुसन्धान सुरु गरेको छ । मतदाता नामावलीको व्यापक पुनरवलोकनका क्रममा लाखौं मतदाताको नाम हटाइएको भन्दै अनियमितताको आरोप लगाउँदै प्रदर्शनकारीहरूले निर्वाचन आयोगका प्रमुख ज्ञानेश कुमारको राजीनामा माग गर्दै शुक्रबारदेखि आन्दोलन गरिरहेका छन् । निर्वाचन आयोगले मतदाता सूचीमा अनियमितता भएको आरोप अस्वीकार गरेको छ । आयोगका प्रमुख कुमारले भने यस विषयमा सार्वजनिक प्रतिक्रिया दिएका छैनन् ।

शनिबार नयाँ दिल्लीस्थित सरकारद्वारा तोकिएको प्रदर्शनस्थल जन्तर मन्तर आसपास प्रहरीले दर्जनौं प्रदर्शनकारीलाई नियन्त्रणमा लिने क्रममा केही महिला पत्रकारले प्रहरी अधिकारीहरूमाथि यौन दुर्व्यवहार गरेको आरोप लगाएका हुन् । दिल्ली प्रहरीले विज्ञप्ति जारी गर्दै तीन महिला पत्रकारबाट यौन दुर्व्यवहारको उजुरी प्राप्त भएको पुष्टि गरेको छ । प्रहरीले घटनाबारे निष्पक्ष र तटस्थ छानबिन गरिने जनाएको छ । सामाजिक सञ्जालमा सार्वजनिक भएको एक भिडियोमा एक उजुरीकर्ताले एक प्रहरी अधिकारीले आफूलाई धकेल्नुका साथै अनुचित रूपमा छोएको आरोप लगाएकी छन् । राजधानीमा आइतबार पनि विरोध प्रदर्शन जारी रहने कार्यक्रम छ । आन्दोलनमा वामपन्थी समूहहरू र 'कक्रोच जनता पार्टी' (सिजेपी) का समर्थकहरू पनि सहभागी हुँदैछन् । व्यङ्ग्यात्मक अनलाइन अभियानका रूपमा स्थापना भएको सिजेपीले मे महिनामा तत्कालीन शिक्षामन्त्रीलाई पदबाट हटाउने अभियान सञ्चालन गरेको थियो ।

सिजेपीका प्रमुख अभिजित दिपकेले शनिबार प्रहरीको धरपकडको आलोचना गर्दै आरोपित प्रहरी अधिकारीलाई तत्काल पक्राउ गर्न माग गर्नुभएको छ । वामपन्थी विद्यार्थी नेतृ नेहा बोराले प्रदर्शनकारीहरूलाई नयाँदिल्लीको इन्डिया गेटसम्म मार्च गर्न आह्वान गर्नुभएको छ । उहाँले सामाजिक सञ्जालमार्फत "सडकदेखि आन्दोलनसम्म महिलाहरू सुरक्षित छैनन्" भन्दै सुरक्षा सुनिश्चित गर्न माग गर्नुभएको छ । विपक्षी दलहरूले निर्वाचन आयोग प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) को प्रभावमा काम गरिरहेको आरोप लगाएका छन् । उनीहरूले मङ्गलबार निर्वाचन आयोगको कार्यालयसम्म मार्च गर्ने र त्यसपछि देशभर 'लोकतन्त्र बचाउ' अभियानअन्तर्गत विरोध कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेका छन् । यसैबीच, सिजेपीले आगामी १० अक्टोबरमा नयाँ दिल्लीमा 'युवा भारतीयहरूको व्यापक परिचालन' का लागि आह्वान गरेको छ ।

## गाजामा हमासका वरिष्ठ अधिकारीलाई लक्षित गरी इजरायली सेनाको हवाई हमला

जेरुसेलम,१८ असोज (रासस/सिन्ह्वा) ।

इजरायली सेनाले गाजाको सहरमा हमासका वरिष्ठ अधिकारी अली अहमद अल-अमौदीलाई लक्षित गरी राति हवाई हमला गरेको पुष्टि गरेको छ । इजरायली सेनाले शनिबार सञ्चारमाध्यममा आएका विवरणको पुष्टि गर्दै अल-अमौदीलाई लक्षित गरेर हमला गरिएको जनाएको हो । यद्यपि, उक्त हमलामा अल-अमौदी घाइते भए वा मारिए भन्नेबारे तत्काल कुनै पुष्टि गरिएको छैन । सेनाका अनुसार घटनाको परिणामबारे अनुसन्धान भइरहेको छ । इजरायली सेनाले अल-अमौदी रहेको अपार्टमेन्ट हमासले कथित रूपमा आतंकवादी गतिविधिका लागि प्रयोग गर्दै आएको दाबी गरेको छ ।

सेनाका अनुसार अल-अमौदी हमासको राजनीतिक ब्युरोका उपाध्यक्ष तथा गाजा क्षेत्रमा रहेका हमासका सबैभन्दा वरिष्ठ अधिकारीमध्ये एक हुन् । उनले पूर्व हमास नेता याह्या सिनवारका व्यक्तिगत सहायकका रूपमा समेत काम गरेको इजरायली सेनाको दाबी छ। सिनवारलाई दुई वर्षअघि इजरायली सेनाले मारेको थियो । इजरायली सेनाले अल-अमौदी सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा भएको हमासको आक्रमणसँग सम्बन्धित निर्णय प्रक्रियामा समेत संलग्न रहेको दाबी गरेको छ । तर, हवाई हमलाको वास्तविक परिणामबारे इजरायली सेनाले अझै अन्तिम जानकारी सार्वजनिक गरेको छैन ।

## होर्मुज जलडमरूमध्यमा इरानद्वारा सात तेल ट्यांकरलाई निशाना बनाएको दाबी

तेहरान,१८ असोज (रासस/सिन्ह्वा) ।

इरानको इस्लामिक रिभोलुसन गार्ड कर्प्स (आईआरजीसी) को नौसेनाले पछिल्ला पाँच दिनमा होर्मुज जलडमरूमध्यमा कम्तीमा सात तेल ट्यांकरलाई निशाना बनाएको इरानको अर्धसरकारी फर्स समाचार एजेन्सीले जनाएको छ । फर्सका अनुसार आईआरजीसीले दैनिक एकभन्दा बढी तेल ट्यांकरलाई निशाना बनाएको छ । यो घटनाक्रम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले होर्मुज जलडमरूमध्य खुला रहेको र अमेरिकाको नियन्त्रणमा रहेको बताउँदै आएका बेला भएको हो । फर्सले स्वतन्त्र सैन्य पर्यवेक्षक मेन्चओसिन्टलाई उद्धृत गर्दै शुक्रबार जलडमरूमध्यमा दुई तेल ट्यांकरमा विस्फोट भएको जनाएको छ । तीमध्ये एउटा जलमार्गको प्रवेश क्षेत्रमा र अर्को बाहिरिने क्रममा रहेको बताइएको छ ।

मेन्चओसिन्टका अनुसार पछिल्ला चार दिनमा कुवेतका अल फुन्टास र काजिमाह-३ तथा संयुक्त अरब इमिरेट्सका सिनबाड, मेर्सिन प्रोस्पेरिटी र अल रुवाइस नामका जहाजहरू पनि प्रभावित भएका छन् । सिन्ह्वाका अनुसार इरानले फेब्रुअरी २८ देखि होर्मुज जलडमरूमध्यमा आफ्नो निगरानी र नियन्त्रण कडा बनाएको छ। इजरायल र अमेरिकासँग सम्बन्धित वा ती देशसँग जोडिएका जहाजलाई सुरक्षित मार्ग दिन रोक लगाइएको इरानको भनाइ छ। यो कदम इरानी भूभागमा भएको संयुक्त हमलापछि चालिएको बताइएको छ ।

# जापानीज इन्सेफलाइटिसबाट हालसम्म १३१ जनामा संक्रमण

काठमाडौं, १८ असोज (रासस)।
जापानीज इन्सेफलाइटिस (जेई)बाट हालसम्म १३१ जनामा सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गतको परिवार कल्याण महाशाखाको पछिल्लो अवस्थासम्बन्धी प्रतिवेदनअनुसार नेपालमा सन् २०२६ मा हालसम्म एक हजार ३७२ जनामा एक्युट इन्सेफलाइटिस सिन्ड्रोम (एईएस) देखिएको र तीमध्ये १३१ जनामा जापानीज इन्सेफलाइटिस (जेई) पुष्टि भएको हो।

जेई सङ्क्रमणका कारण हालसम्म २८ जनाको मृत्यु भएको परिवार कल्याण महाशाखाले जनाएको छ। सङ्क्रमितमध्ये ८७ प्रतिशतले खोप नलगाएका व्यक्ति रहेका प्रतिवेदनमा उल्लेख छ। हालसम्म ३७ जिल्लाका ९० स्थानीय तहमा जेई सङ्क्रमण पुष्टि भएको छ। अधिकांश सङ्क्रमित धानखेत तथा सुँगुर फार्म आसपास बसोबास गर्ने र कृषि पेसामा संलग्न रहेका पाइएको परिवार कल्याण महाशाखाको प्रतिवेदनमा जनाइएको छ।

सरकारले प्रभावित जिल्लामा जेईविरुद्धको खोप अभियान जारी राखेको छ। हाल झापाका सबै स्थानीय तह तथा कैलालीका घोडाघोडी नगरपालिका, धनगढी उपमहानगरपालिका र लम्कीचुहा नगरपालिकामा जेईविरुद्धको खोप अभियान सञ्चालन भइरहेको छ। अभियानको लक्षित समूह ३० वर्ष वा सोभन्दा माथिका व्यक्ति तथा स्वास्थ्यकर्मी रहेका छन्।

कैलालीमा हालसम्म एक लाख ११ हजार ७९० र झापामा तीन लाख ४६ हजार ७७७ जनाले जेईविरुद्धको खोप लगाइसकेका छन्। सरकारले नियमित खोपअन्तर्गत १२ महिनाको उमेरमा जेई खोपको एक मात्रा दिने गरेको छ भने छुटेको भए पाँच वर्षसम्म खोप लगाउन सकिने व्यवस्था छ। जेईबाट बच्न खोपसँगै लामखुट्टेको टोकाइबाट समेत जोगिनुपर्ने चिकित्सकहरू बताउँछन्।

# दुई महिनामा मधेसमा ४५९ विपद्का घटना, ९२ जनाको मृत्यु

जनकपुरधाम, १८ असोज (रासस)।
मधेस प्रदेशमा चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामै विभिन्न विपद्का ४५९ घटना भएका छन्।

ती घटनामा परी ९२ जनाको मृत्यु भएको छ भने ५०० भन्दा बढी परिवार प्रभावित भएका छन्। मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार चालु आवको साउन र भदौ महिनामा भएका विपद्का घटनामा ४७ पुरुष, १९ महिला र २६ बालबालिकासहित ९२ जनाले ज्यान गुमाएका हुन्।

उक्त अवधिमा आगलागी, बाढी, चट्याङ, करेन्ट, पानीमा डुब्ने, जङ्गली जनावरको आक्रमण, डुबानलगायत विपद्का घटना भएका छन्। विपद्का कारण मानवीय क्षतिसँगै घर, पशुचौपाया तथा अन्य भौतिक संरचनामा क्षति पुगेको छ।

विपद्का विभिन्न घटनामध्ये करेन्ट लागेर मृत्यु हुनेको सङ्ख्या सबैभन्दा बढी रहेको छ। दुई महिनाको अवधिमा करेन्ट लागेर ३९ जनाको मृत्यु भएको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो।

त्यसैगरी पानीमा डुबेर २९ जनाको मृत्यु भएको छ। जङ्गली जनावरको आक्रमणबाट पाँच जना, चट्याङ लागेर तीन जना तथा आगलागीबाट एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। अन्य विभिन्न विपद्का घटनामा १३ जनाको मृत्यु भएको छ।

प्रहरीका अनुसार मृत्यु हुनेमा बालबालिकाको सङ्ख्या पनि उल्लेख्य छ। बाढी, डुबान तथा पानीमा डुब्ने घटनाका साथै करेन्ट र अन्य जोखिमपूर्ण घटनामा बालबालिकासमेत पर्ने गरेका छन्।

मधेसमा वर्षायामसँगै बाढी तथा डुबानको जोखिम बढ्ने गरेको छ। यस अवधिमा खोलानाला तथा नदीमा पानीको बहाव बढ्नुका साथै ग्रामीण क्षेत्रमा रहेका पोखरी, खाल्डाखुल्डी तथा जलाशयमा डुबेर मानिसको मृत्यु हुने गरेको प्रहरीले जनाएको छ।

प्रदेश प्रहरी कार्यालयका अनुसार दुई महिनाको अवधिमा आगलागीका मात्रै ११२ घटना भएका छन्। आगलागीका कारण ठूलो मात्रामा धनमालको क्षति भएको छ। त्यसैगरी करेन्ट लागेका १०७ घटना भएका छन्। पानीमा डुबेका ३७, जङ्गली जनावरको आक्रमणका ३२, बाढीका १२ तथा चट्याङका १० घटना भएको प्रहरीले जनाएको छ।

आगलागी र करेन्टसँग सम्बन्धित घटनाको सङ्ख्या उल्लेख्य देखिए पनि यी घटनामा मानवीय क्षति न्यूनीकरणका लागि पूर्वसावधानी तथा जनचेतनाको भूमिका महत्त्वपूर्ण हुने वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताउनुभयो।

विपद्का ४५९ घटनाबाट रु दुई करोड ९२ लाख ४७ हजार ५५५ बराबरको भौतिक क्षति भएको मधेस प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ। आगलागीका घटनाबाट मात्रै २१२ परिवारका घर जलेका छन्। आगलागीबाट रु दुई करोड ७० लाख १३ हजार ३५० बराबरको क्षति भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ।

त्यसैगरी बाढी तथा पहिरोबाट रु ११ लाख ९० हजार बराबरको क्षति भएको छ। चट्याङबाट रु तीन लाख, जंगली जनावरको आक्रमणबाट रु दुई लाख ७२ हजार तथा अन्य विभिन्न विपद्का घटनाबाट रु चार लाख ६३ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

सो अवधिमा भएका विपद्का घटनाबाट ५१० परिवार प्रभावित भएका छन्। विपद्का कारण कतिपय परिवार विस्थापित भएका छन् भने कतिपयको घर तथा सम्पत्तिमा क्षति पुगेको छ। बाढी तथा डुबानका कारण ग्रामीण क्षेत्रमा रहेका बस्ती, सडक तथा अन्य संरचनामा असर पर्ने गरेको छ। वर्षायाममा नदी तथा खोलाको पानी बस्तीमा पस्दा स्थानीयवासीलाई सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था आउने गरेको वरिष्ठ प्रहरी उपरीक्षक ढकालको भनाइ छ।

विपद्का समयमा प्रभावित नागरिकको उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण तथा राहत वितरणका लागि स्थानीय प्रशासन, स्थानीय तह र सुरक्षा निकायले समन्वय गर्दै आएको उहाँले बताउनुभयो।

विपद् व्यवस्थापन तथा उद्धार कार्यका क्रममा दुई हजार ८६९ जना प्रहरी परिचालन गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

प्रहरीले विपद्का घटनामा उद्धार, खोजी, सुरक्षित स्थानमा स्थानान्तरण तथा राहत व्यवस्थापनमा सहयोग गर्दै आएको छ। बाढी, डुबान तथा अन्य जोखिमपूर्ण अवस्थामा प्रहरी टोलीलाई तत्काल परिचालन गर्ने गरिएको छ।

मधेस प्रदेशका आठ वटै जिल्लामा विपद् व्यवस्थापनका लागि सुरक्षा निकायलाई तयारी अवस्थामा राखिने गरिएको उहाँले बताउनुभयो।

# जंगली हात्ती मृत फेला

**दैनिक समाचारदाता**
**सर्लाही, १८ असोज।**
सर्लाहीको बागमतीस्थित बरम बाबा सामुदायिक वन क्षेत्रमा जङ्गली हात्ती मृत फेला परेको छ।

बागमती नगरपालिका-४, बरम बाबा सामुदायिक वन नजिकै आइतबार परबर खेतमा जङ्गली हात्ती मृत फेला परेको हो। बिहान खेतमा परबर टिप्न पुगेका खेत धनीले हात्ती मरेको देखेपछि प्रहरीलाई खबर गरेका थिए।

यस क्षेत्रमा मध्यराति हात्ती कराएको आवाज समेत सुनिएको सोही स्थानका कृष्ण लामाले जानकारी दिँदै राति जङ्गलमा हात्ती कराएको सुनिएको बताए।

उनले भने, "यहाँ हरेक वर्ष धान, मकैखेतीको सिजनमा चितवन र पर्सा निकुञ्जबाट हात्तीको बथान आउने गरेको छ। शनिबार राति पनि त्यही होला भन्ने लाग्यो। वास्ता गरिएन। बिहान त हात्ती मृत फेला पर्‍यो। हामीले प्रहरी र वन कार्यालयलाई खबर गरेका थियौं।"

अन्दाजी ३० देखि ३५ वर्षको वयस्क पोथी हात्ती मरेको सवडिभिजन वन कार्यालय मुर्तियाका प्रमुख सुवास योगीले बताए। हात्ती मर्नुको कारण खुल्न नसकेको उनले बताए। घटनाको मुचुल्का तयारी गरी हात्तीको सद्‌गत गरिने सवडिभिजन मुर्तियाका प्रमुख योगीको भनाइ छ। सो वडाका कार्यवाहक वडाध्यक्ष अर्थमान सिङ्ताका अनुसार उक्त क्षेत्रमा बेलाबेला चितवन राष्ट्रिय निकुञ्ज र पर्सा वन्यजन्तु आरक्षणबाट ठूलो संख्यामा हात्तीको बथान आउने गरेको छ।

# जितिया पर्वको निराहार व्रत समापन

**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज।**
सन्तानको दीर्घायु, सुस्वास्थ्य र समृद्धिको कामनासहित महिलाले मनाउने जितिया पर्वअन्तर्गतको निराहार व्रत आइतबार समापन भएको छ।

तीन दिनसम्म विभिन्न विधि पूरा गरी मनाइने जितिया पर्वअन्तर्गत शुक्रबार राति 'ओगटन' (दर) खाएर महिलाले व्रत सुरु गरेका थिए। शनिबार पानीसमेत नखाई निराहार व्रत बसेका महिलाले आइतबार बिहान नुहाइधुवाइ गरी व्रत समापन गरेका हुन्।

व्रतको दोस्रो दिन महिलाले जितमाहा अर्थात् धर्मवीर पुत्र जितुवाहनको कथावाचन तथा पूजा-अर्चना गरी सन्तानको दीर्घायुको कामना गरेका थिए।

पर्वको अन्तिम दिन विधिपूर्वक फलाहार वा अन्नग्रहण गरी व्रत समापन गर्ने परम्परा छ। विशेषगरी मिथिला तथा तराई-मधेसका जिल्लामा रहेका मैथिल समुदायले जितिया पर्व मनाउने गर्छन्।

जितिया कठोर व्रतमध्ये एक मानिन्छ। महिलाले सन्तानप्रति मातृभाव र समर्पण प्रकट गर्दै एक दिन-एक रात निराहार उपवास बस्ने परम्परा छ। यो व्रतका प्रभावले सन्तानको दीर्घायु हुने जनविश्वास छ।

# पोखरीमा डुबेर दुई किशोरीको मृत्यु

**दैनिक समाचारदाता**
**बारा, १८ असोज।**
बाराको देवताल गाउँपालिका ६ जबकास्थित माछा पोखरीमा डुबेर दुई किशोरीको मृत्यु भएको छ।

देवताल गाउँपालिका-६ रौवाहीकी १४ वर्षिया निशा पटेल र सोही ठाउँकै १४ वर्षिया चाँदनी पटेलको पोखरीमा डुबेर मृत्यु भएको हो। जितिया पर्व मनाउने क्रममा आफ्ना अभिभावकसँगै पोखरीमा नुहाउन गएकी दुवै किशोरीको शनिबार साँझ डुबेर बेपत्ता भएका थिए।

घटनाबारे जानकारी पाउने बित्तिकै अस्थायी प्रहरी पोष्ट बेनौलीबाट खटिएको प्रहरी टोली, स्थानीय बासिन्दाको सहयोगमा पोखरीमा दुवै किशोरीलाई खोजतलास सुरु गरिएको जिल्ला प्रहरी कार्यालय बाराका निमित्त सुचना अधिकारी एवं प्रहरी निरिक्षक राजाबाबु ठाकुरले जानकारी दिए।

खोजीकै क्रममा पोखरीको उत्तरतर्फको किनाराबाट दक्षिणतर्फ पानीमा दुवै किशोरी मृत अवस्थामा फेला परेका प्रहरी निरिक्षक ठाकुरले जानकारी दिए। मृतक दुवै किशोरीको शव परीक्षणका लागि प्रादेशिक अस्पताल कलैयामा लगिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## *सशस्त्र प्रहरीद्वारा...*

महानगरपालिका-१६ इनर्वाबाट मोटरसाइकलमा 'लोड' गरी नेपालतर्फ ल्याउँदै गरेको रु दुई लाख ५१ हजार ८२० बराबरको कपडा बरामद भएको छ। मोटरसाइकल र ती कपडा पनि सोही कार्यालयमा बुझाइएको छ।

सशस्त्रको टोलीले वीरगञ्ज महानगरपालिका-१६ भन्सार मेनगेट इलाकाबाट रु एक लाख १२ हजार ८०० बराबरको स्मार्ट टिभी र टाँगा, घोडा पनि नियन्त्रणमा दिएर सोही कार्यालयमा बुझाएको छ।

यसैगरी, आइतबारे भन्सार छलि गरी ल्याइएका एक लाख ७३ हजार ७१० बराबरको कपडा, हार्डवेयरका सामान, भारतबाट अवैध रूपमा चार जनाले टाउकोमा बोकी नेपालतर्फ ल्याउँदै गरेको तीन लाख बराबरको विभिन्न किसिमको कपडा, ६० लाख बराबरको एसी, चार लाख २७ हजार ३८० बराबरको विभिन्न औषधि बरामद भएको छ।


## विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोवार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*